मिति २०७७।०४।३० गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३१ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

**बिशेष आमन्त्रित**

१. नगर प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
२. नगर प्रमुख श्री बासुदेव थापा, सूर्यविनायक नगरपालिका
३. नगर प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका
४. नगर प्रमुख श्री सोमप्रसाद मिश्र, चाँगुनारायण नगरपालिका

**उपस्थिति:**

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

**आमन्त्रित:**

१. श्री प्रेम ज्ञवाली-शहिद धर्म भक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर
२. श्री रविन्द्र ज्याख्वा भ.न.पा.
३. श्री भगिरथ अधिकारी म.थि.न.पा. स्वास्थ्य प्रतिनिधि
४. श्री बसन्त चापाँगाई सु.न.पा. स्वास्थ्य प्रतिनिधि
५. श्री पुष्कर बुढाथोकी नेपाल पत्रकार महासंघ, भक्तपुर
६.
७.

**छलफलका विषयहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. खरिपाटी क्वारेन्टिनलाई आइसोलेसन केन्द्रको रुपमा संचालन गर्ने सम्बन्धमा।
३. स्वास्थ्य मापदण्ड पालना सम्बन्धी ।
४. सबै स्थानीय तहमा १/१ वटा आइसोलेशन केन्द्र स्थापना सम्बन्धमा।
५. अत्यावश्यक सेवा सम्बन्धमा।
६. विविध

**निर्णयः**

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०४।२५ गते बसेको निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने।

२. कोभिड-१९ को संक्रमण र महामारी नियन्त्रण गर्नको लागि भक्तपुर जिल्ला खरिपाटी स्थित क्वारेन्टिनलाई आइसोलेशन केन्द्रको रूपमा संचालन गर्न आवश्यक तयारी गर्ने।

३. कोरोना भाइरसको प्रभावकारी रोकथाम र नियन्त्रणका लागि सबै स्थानीय तहहरूमा संचालनमा रहेका उद्योग कलकारखाना, सार्वजनिक यातायात, होटल रेष्टुरा तथा सार्वजनिक धार्मिक स्थालहरू लगायतमा पूर्ण रुपमा स्वास्थ्य मापदण्ड पालना गर्न सरोकारवाला निकायहरूले समन्वयात्मक ढंगले भूमिका निर्वाह गर्ने।

४. जिल्लामा आवश्यक पर्ने अत्यावश्यक सेवा दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति सहज रुपमा गर्न गराउन सबै सरोकारवाला निकायहरूलाई नियमित अनुगमन र प्रतिवेदनको लागि अनुरोध गर्ने।

५. जिल्लामा रहेका निजि तथा सरकारी स्वास्थ्य केन्द्रहरूको अवस्था, आवश्यक पर्ने जनशक्ति, उपकरण र औषधीहरूको मौजुदा अवस्था बारे तथ्याङ्क संकलन गरी अध्यावधिक गर्ने र तुरुन्त प्रतिवेदन पेस गर्ने कार्यको लागि जनस्वास्थ्य प्रमुखको संयोजकत्वमा सरकारी तथा निजि अस्पतालको प्रतिनिधिसमेत रहने कार्यदल गठन गर्ने।

६. कोभिड-१९ संक्रमण र नियन्त्रण सम्बन्धी कार्ययोजना, भक्तपुर (आ.व.२०७७/७८) लाई आज बसेको बैठकले परिमार्जन सहित स्वीकृति प्रदान गर्ने।

७. कोभिड-१९ नियन्त्रण तथा रोकथामको लागि जिल्लामा आवश्यक स्वास्थ्य प्राविधिकको नेतृत्व शहीद धर्म भक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुरका प्रमुख प्रा. डा. प्रेम ज्ञवालीलाई प्रदान गर्ने।

८. कोभिड-१९ संक्रमित तथा प्रभावित व्यक्तिहरूको एकीकृत विवरण संकलन गर्न जिल्ला प्रशासन कार्यालयमा एक संयुक्त संयन्त्र रहने व्यवस्था गर्ने।

९. आफ्नो स्थानीय तह मातहत कोभिड-१९ संक्रमित र संकास्पदको उपचारार्थ मापदण्ड बमोजिमको एम्बुलेन्सको सम्पूर्ण व्यवस्थापन गर्ने कार्य सोही स्थानीय तहले गर्ने।

१०. सम्पर्क पहिचान(Contract Tracing) गर्नु पर्ने व्यक्तिहरूलाई तोकिएको समयमा पीसीआर परीक्षण(Real Time PCR Testing) मात्र गर्ने व्यवस्था गर्ने।

११. कोभिड-१९ रोकथाम र नियन्त्रणको पहिलो विधि मास्क, स्यानिटाइजर प्रयोग र सामाजिक दुरी कायम गर्ने विषयमा स्थानीय तहको तल्लो स्तरसम्म पुग्ने गरी आवश्यक जनचेतना फैलाउने।

१२. भक्तपुर जिल्लाबासीहरूको हकमा अस्पताल र आइसोलेशन केन्द्रमा रही कोभिड-१९ को उपचार गर्नु परेमा आवश्यक खर्च व्यवस्थापन स्थानीय तहहरूले दामासाहीले व्यहोर्ने र जिल्ला स्थित अस्पतालहरूले जिल्लाबासीलाई पहिलो प्राथमिकता दिने।